# प्रेमसागर फाउण्डेसन नेपाल : एक परिदृश्य

गरिब तथा विद्यालय जान नसक्ने वा नियमित रुपमा नजाने बालबालिकाहरुलाई खाना खुवाई विद्यालय जानको लागि उत्प्रेरित गर्ने र अशक्त वृद्ध वृद्धाहरुलाई खानाको व्यवस्था गर्ने प्रमुख उद्देश्य तथा विभिन्न मानवीय हितका कार्यहरु गर्ने अन्य उद्देश्यहरु सहित स्थापित प्रेमसागर फाउण्डेसन नेपालले १२ वर्ष पूरा गरेको छ भने धादिङ्ग जिल्लाको तसर्पुमा सञ्चालित यसको प्रमुख कार्यक्रम जनभोजन ११ वर्ष पूरा भई बाह्रौं वर्षमा निरन्तर चलिरहेको छ ।जनभोजन स्थलमा नै पुगेर खाने र स्कूलमा लगेर खुवाउने समेत गरेर हरेक दिन करिब २,००० बालबालिकाहरुले र केही जेष्ठ नागरिकहरुले स्वस्थकर तथा सन्तुलित खाना/खाजा यस कार्यक्रमहरुबाट निशुल्क प्राप्त गरिरहेका छन् ।





- विद्यालय जानु अघि फाउण्डेशनमा खाना खाँदै बालबालिकाहरु ।

हरेक दिन जनभोजनस्थलमा आफ्नो भान्छामा पकाएर तात्तातो खाना आफ्नै डाइनिङ्ग हलमा बालबालिका तथा जेष्ठ नागरिकहरुलाई खुवाउने कार्य सञ्चालन निरन्तर भइरहेको छ । जनभोजन कार्यक्रम शुरु भएदेखि २०७६ चैत्र सम्ममा त्यहाँ आएर खानेका लागि ११,५५,४७८ छाक खाना वितरण गरिसकिएको छ भने यहाँ ताजा खाजा तयार गरी मकवानपुर र धादिङका ६ वटा विद्यालयहरुमा पुऱ्याएर जम्मा ७,३४,९७५ छाक खाजा खुवाइसकिएको छ ।



- फाउण्डेशनद्वारा विद्यालयमा वितरण गरिएको खाजा खाँदै विद्यार्थीहरु ।

गत चैत्रदेखि कोभिड १९ को महामारीको कारणले भएको लकडाउनले गर्दा हाल खाना तथा खाजा वितरण सम्भव नभए पनि फाउण्डेसनले आत्मज्ञान प्रचार संघसँगको सहकार्यमा विभिन्न गाउँपालिका तथा नगरपालिकाहरुसँग समन्वय गरी अति आवश्यक भएकाहरुलाई राहत स्वरुप खाद्यान्न, तात्तातो खाना तथा अन्य सामग्रीहरु वितरण गऱ्यो भने जनभोजन कार्यक्रम स्थल रहेको थाक्रे गाउँपालिकामा क्वारेण्टाइन स्थापना गर्नका लागि डस्ना, कम्बल, ओढ्ने र भूल समेत प्रदान गरियो । हाल जनभोजन स्थलमा सेवारत स्वयमसेवकहरु तरकारी खेती र मास्क तयार गर्ने कार्यमा जुटेका छन् ।

## प्रोडक्शन

यस वर्ष नेपाली भाषामा विभिन्न भिडियो तथा अन्य सामाग्रीहरु उत्पादन गरेका छौं । जस अन्तर्गत सुनौलो बिहानीका २ भागहरु, हृदयको स्वतन्त्रता लगायत विभिन्न प्रचार सामाग्रीहरुको तपाईहरूले आनन्द उठाइसक्नु भएको छ । श्री प्रेम रावतज्यूको जन्मोत्सवको उपलक्ष्य लगायत अन्य प्रायोजनका लागि विशेष भिडियोहरु समेत उत्पादन भएका छन् । टिभि कार्यक्रमका लागि विभिन्न श्रृङ्खलाहरु तयार भई प्रसारण भइरहेका छन् ।

हालै नयाँ भजन रेकर्डीङ्ग भइसकेको छ । काठमाडौंको काष्ठमण्डप टिभि र बिर्तामोडको सूर्योदय टिभि कार्यक्रममा प्रशारणका लागि सामाग्रीहरु तयारी भइरहेका छन् । आत्मज्ञान प्रचार संघको इतिहास तथा उद्देश्य दर्साउने भिडियोका साथै गुरुपुजा विशेष भिडियो बनाउने तयारी पनि भइरहेको छ ।

**आत्मज्ञान प्रचार संघ**

*सामाखुशी, काठमाडौं*

*फोन नम्बर : ०१-४३५२५१२, ०१-४३५२५८०*

*ईमेल :* agps@mos.com.np

*www.timelesstoday.com*
*www.premrawat.com*

# गुरूपूजा



आत्मज्ञान प्रचार संघद्वारा प्रकाशित विशेष अङ्क    २०७७ साउन १६ गते    31 July 2020

# गुरूपूजाको शुभकामना !

श्री प्रेम रावतज्यूले आफ्नो गुरु महाराजज्यूको जीवनकाल पूरा भएपश्चात सन् १९६६ जूलाई ३१ देखि उहाँबाट प्राप्त शान्ति सन्देश तथा आन्तरिक शान्तिको अनुभूति गर्ने विधि (आत्मज्ञान) को प्रचार गर्ने संकल्प लिनुभयो । त्यस कार्यलाई निरन्तरता दिने क्रममा आज विश्वको ........ देशमा शान्तिको सन्देश तथा आत्मज्ञानको प्रचार पुगिसकेको छ । प्रेम रावतज्यूबाट ज्ञान प्राप्त गरेका विश्वभरका मानिसहरूले उक्त विशेष दिनलाई गुरुपूजाको रूपमा मनाउँदै आएका छन् ।

यस गुरुपूजाको विशेष अवसरमा तपाईंको जीवनमा उहाँको सन्देश र ज्ञानले थप सुख, शान्ति र प्रेरणा ल्याओस् साथै हरेक क्षण शान्तिको अनुभूति गर्ने मार्गमा अझै दृढताकासाथ लाग्ने सुअवसर प्राप्त होस्  भनि हार्दिक शुभ कामना व्यक्त गर्दछौं ।

हाल कोरोना भाइरस (कोभिड-१९) को महामारीका कारणले सरकारले लागू गरेको लकडाउनको नियम तथा मापदण्डका कारणले साथै हामी सुरक्षित रहनका लागि केन्द्र-केन्द्रमा भेला भएर गुरुपूजा कार्यक्रम मनाउन नमिल्ने भएकाले आ-आफ्नै घरमा बसेर अञ्जन टीभी, युट्यूब च्यानल तथा अन्य आधिकारिक अनलाइन एपको माध्यमबाट प्रेम रावतज्यूको सन्देशको आनन्द लिई यो विशेष महोत्सव मनाउनु हुन अनुरोध गर्दछौं ।

# प्रेम रावतज्यूको सन्देश

***बन्दाबन्दी(लकडाउन)का बेलामा प्रेम रावतज्यूले १०१ दिनसम्म हरेक दिन भीडियोको माध्यमबाट आफ्नो सन्देश मानिसहरु समक्ष पुऱ्याइरहनुभएको थियो । उहाँको सन्देशबाट साभार गरिएको केही अंशलाई यहाँ प्रस्तुत गरिएको छ :***

मैले भिडिओहरू मार्फत् धेरै कुरा भनेको छु र मानिसहरूले धेरै कुराहरू सुन्नुभएको पनि छ । सबैभन्दा ठूलो कुरो हामीलाई जुन जीवन प्राप्त भएको छ, यो जुन समय छ, यसलाई हामीले कसरी सदुपयोग गर्ने भन्ने विषय हो । मानिसहरूले धेरै प्रश्नहरू सोध्छन्, "यस्तो के हो, उस्तो के हो, यो किन हुन्छ, त्यो किन हुन्छ, त्यस्तो किन भएको होला है !" तर, सबैभन्दा महत्वपूर्ण प्रश्न के हो भने "यो जुन समय हामीलाई प्राप्त भएको छ, यसको सबैभन्दा राम्रो प्रयोग कसरी गर्न सक्छौं ?"

जति पनि तपाईंका प्रश्नहरू छन्, ती तपाईंको मन र बुद्धिले सोधेका प्रश्नहरू हुन् । तिनले प्रश्नहरूको बारेमा सोच्छन् अनि त्यही प्रश्नहरू तपाईंलाई आउँछन् । तर, तपाईंको हृदयमा सबै उत्तरहरू छन् । मनमा र बुद्धिमा प्रश्न नै प्रश्नहरू छन् तर हृदयमा उत्तर नै उत्तरहरू छन् ।

जबसम्म तपाई आफ्नो हृदयभित्र जानुहुन्न र तपाईंभित्र रहको त्यस चीजलाई महसुस गर्नुहुन्न, तपाईंका प्रश्नहरू सकिने छैनन्, आइरहन्छन् । कति मानिसहरू घरमा बसेर यही कोरोना भाइरसको बारेमा सोचिरहेका छन्, निरास भइरहेका छन्, समाचार हेरिरहेका छन्- कहाँ के भयो । यस मनको काम हामीलाई हैरान गर्ने हो । यसको त काम नै हैरान गराउनु र हैरान हुनु हो । अझ यी परिस्थितिमा त यस्तो हुनु स्वाभाविक हो । तर, तपाईंभित्र एउटा यस्तो कुरा छ जसले यी सारा चीजहरूसँग सम्बन्ध राख्न चाहँदैन । त्यो दुःखी हुन चाहँदैन- त्यो तपाईंको हृदय हो । त्यो नै तपाईंको वास्तविक स्वरूप हो ।

धेरै वर्ष अघि म नेपाल गएको थिएँ । अहिले त धेरै भयो नेपाल जान नपाएको पनि । कसैले मलाई भन्यो, "एकजना व्यक्ति तपाईंसँग भेट्न चाहनुहुन्छ, उहाँ वेदान्त समाजको अध्यक्ष हुनुहुन्छ ।" मैले सोचेँ, "वेदान्त समाजको अध्यक्ष हुनुहुन्छ । मलाई भेट्न चाहनुहुन्छ । मैले त वेदान्त पढेकै छैन । के सोध्नुहुने हो !"

मैले सोचेँ, "ठीक छ, केही  छैन जे सोधे पनि म हृदयबाट जवाफ दिन्छु । स्पष्ट रूपले आफ्नो कुरा भन्नेछु । मैले भनेँ, "ठीक छ- उहाँलाई बोलाउनुहोस् ।"उहाँ आउनुभयो अनि हामी दुवै बस्यौं । उहाँले भन्नुभयो- "म तपाईंलाई केवल धन्यवाद दिन चाहन्छु ।" मैले भनेँ, "किन ?"

उहाँले भन्नुभयो, "मैले सबै वेदहरू पढेँ र मेरो मनमा यो प्रश्न थियो- "त्यो साँचो चीज के हो, त्यो सत्य के हो, जुन वास्तविक सार छ, त्यो तपाईंले मलाई बुझाइदिनु भयो । मेरो लागि यति नै पर्याप्त छ !"कसैले त त्यो वास्तविक सारलाई बुझ्यो, त्यो मुख्य चीजलाई बुझ्यो । त्यस मूल चीजलाई बुझेपछि कुनै प्रश्नहरू हुँदैनन् । यो एउटा सिक्ने तरिका हो, यो एउटा बुझ्ने तरिका हो ।

जुन मानिसको जीवनमा ज्ञानको दियो बलेको छैन, उसको जीवनमा कस्तो हुन्छ भने उसँग सबैथोक छ तर उसले जान्दैन ऊ कहाँ छ ! भविष्यमा के हुनेछ उसले जान्दैन ! आजको दिनमा के भइरहेको छ उसले जान्दैन । भोलिको योजनाका बारेमा उसलाई सबै थोक थाहा छ, भोलिको योजना बनाउन ऊ एकदमै सिपालु छ तर आजको बारेमा उसलाई केही थाहा छैन । किनभने, जुन धैर्यताको कुरा छ, त्यो सबैभन्दा ठूलो कुरा हो । हेर्नुहोस्, कुरा धनको होइन । कुरा सम्पत्तिको पनि होइन । कुरा हो, समयको । के तपाईंले समय दिनुहुन्छ आफू भित्रको त्यो चीजलाई जान्नका लागि ?

ध्यान दिनुहोस् र आफू सुरक्षित रहनुहोस्; स्वस्थ रहनुहोस् र सबैभन्दा ठूलो कुरा आनन्दसँग बस्नुहोस् । सबैलाई मेरो धेरै धेरै नमस्कार !

# आत्मज्ञान प्रचार संघ अर्न्तगतका विभागहरूका गतिविधि

### अनाज सेवा :

अनाज सेवाले संस्थाको आर्थिक सबलीकरणमा ठुलो योगदान पुऱ्याउँदै आइरहेको छ । यस कार्यक्रम वर्षमा दुई पटक गरिन्छ । यस वर्ष पनि नेपालभरका सबै केन्द्र र उपकेन्द्रहरूमा यो कार्यक्रम सम्पन्न गरियो । हामी सम्पूर्ण केन्द्र, उपकेन्द्र तथा सेवा प्रदान गर्नुहुने प्रेमीज्यूहरूप्रति हार्दिक आभार प्रकट गर्दछौं ।

तपाईहरूबाट प्राप्त सेवाले नै यस संस्थाले गर्दै आएको प्रचार, मर्मत तथा निर्माण र आवश्यक उपकरण खरिद सम्भव भएको छ । यस खालको सेवामा यहाँहरूको निरन्तरताको अपेक्षा राख्दछौं ।

### निमार्ण तथा मर्मत :

- केन्द्रीय कार्यालयमा आवश्यकता अनुरुप मर्मत तथा निर्माण कार्य सम्पन्न भईसकेका छन् साथै पर्सा, रुपन्देही, बारा, सिराहा जिल्लामा हलहरूको निर्माण सम्पन्न भईसकेका छन् ।
- दाङ, कास्की, बारा, जनकपुर, स्यांजा, र सिराहामा नयाँ हलहरु निर्माणाधिन अवस्थामा छन् ।
- ज्ञान शत्र र ज्ञान अभ्यासलाई सरल र व्यवस्थित रूपमा सम्पन्न गर्नका लागि यस वर्ष थप तीनवटा ज्ञानकेन्द्र निर्माण गर्ने लक्ष्य लिएका छौँ ।

### आन्तरिक लेखा परिक्षण :

नेपालभर रहेका सबै केन्द्रहरूको भौतिक तथा आर्थिक अवस्थाको अध्यावधिक गर्नका लागि आन्तरिक लेखा परीक्षण गर्दै आएका छौँ । केन्द्रीय कार्यालयका साथै बारा, पर्सा, चितवन, मकवानपुर र नवलपरासी जिल्लाहरूका केन्द्र र उपकेन्द्रहरूमा यस वर्षको आन्तरिक लेखा परीक्षण सम्पन्न भईसकेका छन् । बाँकी जिल्लाका केन्द्र तथा उपकेन्द्रहरूमा कोभिड-१९ का कारणले स्थगित गरिएको छ ।

### सूचना केन्द्र

प्रेम रावतज्यूको शान्तिको सन्देश प्रचारमा सहज होस् भन्ने हेतुले सूचना केन्द्रहरू स्थापना गरिएको हो । हाल नेपालमा ८ वटा स्थानमा सूचना केन्द्रहरू छन् । यस विपदको अवस्थामा पनि यी ८ वटा सूचना केन्द्रहरूमध्ये काठमाडौंमा रहेको सूचना केन्द्रले २०० जना नयाँ व्यक्तिलाई सुनाएर ७० जनालाई ज्ञान प्राप्त गर्न सहयोग पुऱ्याएको छ । यस्तै भक्तपुरमा रहेको सूचना केन्द्रले ८२ जनालाई सुनाएर २५ जनालाई ज्ञान प्राप्त गर्न सहयोग पुऱ्याएको छ ।

### स्मार्ट कार्ड

स्थगनमा रहेको स्मार्ट कार्ड विभागलाई पुनः सुचारु गरिएको छ । सुचारु भएपश्चात यस विभागले २१०५ वटा कार्ड प्रिन्ट गराइसकेको छ भने १००९ वटा कार्ड प्रिन्टका लागि तयारी अवस्थामा छन् । सबै ज्ञानप्राप्त व्यक्तिहरू (प्रेमीहरू) लाई जतिसक्दो चाँडो स्मार्ट कार्ड उपलब्ध गराउन यस विभाग सक्रिय रूपमा अघि बढिरहेको छ ।

# प्रचार गतिविधि/कार्यक्रमहरू

### प्रेरणा २०७६

प्रेम रावतज्यूको सम्भावित प्रत्यक्ष कार्यक्रमलाई लक्षितगरी केन्द्रीय कार्यालयले विशेष प्रेमी कार्यक्रम "प्रेरणा २०७६" नेपालको ६ वटै क्षेत्रमा सम्पन्न गरेको थियो । ६ वटा क्षेत्रको २२ स्थानमा भएको यो कार्यक्रममा ४४ वटा जिल्लाका सबै केन्द्रहरुलाई समेटिएको थियो यस कार्यक्रममा ५७४१ जना प्रेमीहरुले सहभागी जनाएका थिए । सो कार्यक्रमको उद्धेश्य प्रेम रावतज्यूको प्रत्यक्ष कार्यक्रमको साथै सो कार्यक्रमलाई सफल बनाउनका लागी आगामी दिनमा कति नयाँ व्यक्तिलाई सुनाउन सकिन्छ भन्ने बारेमा लक्ष्य निर्धारण गर्ने पनि भएकाले ४४ वटा जिल्लाबाट जम्मा ३०,३८,१२३ जनालाई सुनाउने लक्ष्य निर्धारण भएको छ ।



### एफ एम रेडियो कार्यक्रम

सञ्चार माध्यमबाट प्रचारको गतिविधि अघि बढाउने क्रममा विभिन्न जिल्लाहरूमा हाल २६ वटा रेडियो/एफ.एम. हरूबाट कार्यक्रमहरू प्रस्तुत भईरहेका छन् । रेडियो/एफ.एम.बाट प्रशारण गर्न अगामी चार महिनाका लागि पुग्ने गरी प्रचार सामाग्री तयारी अवस्थामा छन् ।

### ए.भि. तालिम

ए.भि. तालिमको आश्यकता र माग अनुरूप चारवटा जिल्लाबाट ७२ जनालाई सामान्य ए.भि. तालिम प्रदान गरियो । यो माहामारीको प्रकोपपश्चात यस कार्यलाई आवश्यकताअनुरूप निरन्तरता दिइनेछ ।

### पीस डे (सेप्टेम्बर ३१) कार्यक्रम

अन्तर्राष्टिय शान्ति दिवस सेप्टेम्बर ३१ का दिन आत्मज्ञान प्रचार संघले शान्ति सन्देशको कार्यक्रम, विशिष्ट व्यक्तिहरूमा पुऱ्याउन काठमाडौं लगायत विभिन्न जिल्लाहरूमा विभिन्न कार्यक्रमहरू आयोजना गरिएको थियो । उपत्यका बाहिर क्यानोपी, टि.भि., प्रोजेक्टरबाट समेत त्यस्ता खालका कार्यक्रमहरू आयोजना गरिएका थिए । यी सबै कार्यक्रमहरूमा ३९२८ जना नयाँ व्यक्तिहरूको सहभागिता रहेको थियो ।




### शान्ति सन्देश प्रसारण

प्रेम रावतज्यूको सन्देश बुद्ध टिभि, बुटवलबाट तीन महिनाका लागि प्रसारण भएको थियो । उक्त परिक्षण प्रशारण कार्यक्रम अवधिमा नेपाल भरिबाट २ लाख मानिसहरूले सन्देश सुन्ने मौका पाएका थिए ।

### कारागार र सुधारगृह कार्यक्रम

प्रेम रावतज्यूको शान्तिको सन्देश कार्यक्रम नेपालको ३ वटा कारागारहरुमा भएको थियो । २० वटा कार्यक्रमहरुबाट १७६२ जनाले सन्देशको लाभ लिएका थिए । साथै सुधारगृहहरुमा १३० वटा कार्यक्रम राखिएको थियो र कार्यक्रममा २७६३ जनालाई सहभागी भएका थिए ।

### वाइ.पी.एफ.को पहलमा भएको कार्यक्रम

युथ पीस फाउन्डेशनले मानवता र शान्तिको सम्बन्धमा विभिन्न कार्यक्रमहरु गरिरहेको छ । जसमा वाई.पी.एफ. ले हेल्थ एण्ड हाईजिन्स अन्तर्गतको ५ वटा कार्यक्रम गरी ६४१ जनालाई सहभागी गराईएको छ । पिस फेस्ट सम्बन्धि १४ वटा कार्यक्रममा १०८९ जना सहभागी भएका थिए भने पिस डे मा शान्ति सम्बन्धी ऱ्यालीमा ४०० जना सहभागी भएका थिए ।




वाई पी एफले विभिन्न स्थानमा वर्कशप पनि गरेको थियो । जसमा काठमाडौंको वर्कशपमा ३३ सहभागी, चितवनको वर्कशपमा १७५ जना र सुनसरीको वर्कशपमा ७२ जना गरी जम्मा ३ वटा वटा वर्कशपमा २८० जनाले सहभागीता जनाएका थिए ।

त्यस्तै गरी वाई पी एफले मेरुदण्डीय पक्षघात समूह नेपालले आयोजना गरेको ह्वील चेयर दौड प्रतियोगितामा स्वयंसेवकको रुपमा सहभागी जनाउनुका साथै केन्द्रीय कार्यालयमा वृक्षारोपण कार्यक्रम पनि गरेको थियो ।

### मिडिया अभिमुखिकरण कार्यक्रम

आत्मज्ञान प्रचार संघले जेठ महिनामा ६ वटा भर्च्युवल कार्यक्रमहरु गरेको थियो । यस बन्दावन्दीको अवधिमा प्रेमीहरुसँग भेटघाट साथै मिडिया सम्बन्धी जानकारी प्रदान गरिएको थियो । यस कार्यक्रममा करिब ५०० जना प्रत्यक्ष रूपमा लाभान्वित भएका थिए । कार्यक्रममा मिडिया सम्बन्धी सबै क्षेत्र जस्तै पत्रपत्रिका, सामाजिक सञ्जाल, रेडियो, टिभी बारे विभिन्न जानकारीहरु समावेश गरिएको थियो ।

# आत्मज्ञान प्रचार संघ र प्रेम सागर फाउन्डेशन नेपाल : सहकार्य

### खाद्यान्न तथा राहत वितरण कार्यक्रम

आत्मज्ञान प्रचार संघ र प्रेम सागर फाउन्डेशन नेपालको सहकार्यमा कोभिड-१९ को मारमा परेका परिवारलाई खाद्यान्न तथा राहत सामग्री वितरण गरिएको थियो । ८२९ परिवारलाई राहत सामग्री सम्बन्धित नगरपालीका तथा गाउँपालिकाहरूको समन्वयमा विभिन्न वडाहरूमा वितरण गरिएको थियो । काभ्रेको धुलिखेल र पनौती नगरपालीका, काठमाडौं महानगरपालीका, ललितपुर उपमहानगरपालीका, मकवानपुरको हेटौंडा उपमहानगरपालिका, रुपन्देहीको बुटवल उपमहानगरपालिका, पर्साको बिरगंज महानगरपालीकामा गरिएको थियो ।






त्यसै गरी काठमाडौं महानगरपालीका प्रहरीलाई १००० पन्जा र १००० मास्क, बिरगंज महानगरपालीको क्वारेन्टाईन्मा रहेका १०५ व्यक्तिहरूलाई कम्बल, ठाकुरराम क्याम्पसमा क्व्यारेन्टाइन सेन्टरमा बसिरहेका २३० व्यक्तिहरूलाई २३ दिनसम्म रानीघाट केन्द्रले खाना खुवाएको थियो । यसका साथै विरगंज महानगरपालीकाका लागि एक लाख प्रकोप व्यवस्थापन कोषबाट प्रदान गरिएको थियो ।



राहत सामग्रीहरूमा प्रत्येक परिवारलाई १० केजी चामल, १ केजी दाल, १ केजी नुन, १ लिटर तेल, १ केजी चिउरा र एउटा साबन गरी जम्मा ७३७८ किलो चामल, ८२९ प्याकेट नुन, ८२९ किलो दाल, ७७५ लिटर तेल, ७२१ किलो चिउरा, ७३१ वटा साबुन, २८३ किलो चिनी र केही स्थानहरूमा थप बिस्कुटका प्याकेट र सोयाबिन समेत वितरण गरिएको थियो ।